नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-स्था.त.स.शा./जानकारी/फा.नं.३./२०७६/७७

चलानी नं.:- ३३५

मितिः- २०७६/११/१३

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तहहरु, सबै।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको च.नं. ७१५, प.स. २०७६/७७, मिति २०७६/११/०२ को पत्रबाट मारुती सिमेन्ट लि. सिराहाले माननीय अर्थ मन्त्रीज्यूलाई सम्बोधन गरी लेखिएको गैर कानूनी रुपमा कर असूल गर्न रोकी पाँउ भन्ने व्यहोराको पत्रको विषयमा कारवाही हुँदा गोलबजार नगरपालिकाले नगरसभाबाट पारित गरेको आर्थिक ऐन, २०७६ को अनुसूची ६ मा सिमेन्टमा प्रतिबोरा रु.२/- व्यवसाय कर वापत लिने गरी बनाइएको उक्त व्यवस्था कार्यान्वयन नगर्ने/ नगराउने र उक्त नगरपालिका लगायत सबै स्थानीय तहबाट नेपालको संविधान तथा प्रचलित कानून प्रतिकुल हुने गरी कुनै पनि कर, महसुल तथा शुल्क असुल नगर्ने आवश्यक व्यवस्थाका लागि पत्राचार गरिदिनुहुन लेखी आएकोले सो अनुसार गैर कानूनी तरिकाबाट कर तथा शुल्क असुल उपर नगर्ने/ नगराउने व्यवस्थाको लागि आदेशा नुसार अनुरोध छ।साथै अर्थ मन्त्रालयको पत्र यसै पत्रसाथ संलग्न छ।

.......................

जनकराज शर्मा

शाखा अधिकृत

**बोधार्थः**

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

नेपाल सरकार

# अर्थ मन्त्रालय

(राजस्व व्यवस्थापन महाशाखा)

पत्र संख्याः- २०७६/७७
च. नं.:- ६१५

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ११२०५
मिति:- २०७६/११/०३

visit Nepal 2020 Lifetime Experiences

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति: २०७६/११/०२

विषयः निर्णय सम्वन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

प्रस्तुत विषयमा मारुती सिमेन्ट लि, सिराहाको च.नं. ८०२ मिति २०७६/०५/३० को माननीय अर्थ मन्त्रीज्यूलाई सम्बोधन गरी लेखिएको गैर कानूनी रुपमा कर असूल गर्न रोकी पाँउ भन्ने व्यहोराको पत्रको विषय कारवाहीको लागि पेश हुँदा गोलबजार नगरपालिकाले नगरसभाबाट पारित गरेको आर्थिक ऐन, २०७६ को अनुसूची ६ मा सिमेन्टमा प्रतिवोरा रु २/- व्यवसाय कर वापत लिने गरी बनाइएको उक्त व्यवस्था कार्यान्वयन नगर्ने नगराउने र उक्त नगरपालिका लगायत सबै स्थानीय तहबाट नेपालको संविधान तथा प्रचलित कानून प्रतिकुल हुने गरी कुनै पनि कर, महसुल तथा शुल्क असुल नगर्ने आवश्यक व्यवस्थाका लागि लेखी पठाउने नेपाल सरकार (अर्थसचिवस्तर) मिति २०७६/०८/२७ को निर्णयानुसार अनुरोध गर्दछु ।

२०७६/११/०२
(घनश्याम सुबेदी)
शाखा अधिकृत

वोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाण्डौं ।
श्री उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np